# सूचीकृत धितो मूल्यांकनकर्ताहरु मध्ये २०७८ जेष्ठ र आषाढ मसान्तमा म्याद समाप्त हुने धितो मूल्यांकनकर्ताहरुको कार्य अवधी नवीकरण गर्ने वारेको जरुरी सूचना ।

**मिति :२०७८/०२/१५**

बैंकको विभिन्न मितिमा सूचीकृत भएका धितो मूल्यांकनकर्ताहरु (व्यक्ति/फर्म/कम्पनी) को नवीकरण अवधि २०७८ जेष्ठ र आषाढ महिनामा समाप्त हुने भएकोले नवीकरण गर्ने अवधि २०७८/०३ मसान्तसम्म कायम गरिएकोले धितो मूल्यांकन गर्ने कार्य अवधि नवीकरण गर्न ईच्छुक सूचीकृत धितो मूल्यांकनकर्ताले तोकिएको अवधिमा नवीकरणका लागि तपसिलका आवश्यक कागजात संलग्न गरी निवेदन दिनुहुन अनुरोध गर्दछौ । उक्त म्यादमा नवीकरणका लागि निवेदन पेश गर्न नसक्ने सूचीकृत धितो मूल्यांकनकर्ताले म्याद सकिएको मितिले २१ दिनभित्र (२०७८ श्रावण २१) दोब्बर दस्तुर तिरी नवीकरण गर्न निवेदन दिन सक्नेछन् र उक्त मितिमा नवीकरण एवं कवुलियतनामा तथा करारनामा समेत गर्नुपर्ने भएकोले सोको लागि धितो मूल्यांकन प्रतिवेदनमा दस्तखत गर्ने आधिकारिक प्रतिनिधि स्वयं उपस्थित भई आफूलाई पायक पर्ने प्रदेश कार्यालयमा गई नवीकरणका लागि निवेदन दिनुहुन अनुरोध छ ।

<u>तपसिल</u>

**क) मूल्यांकनकर्ताको करार नवीकरण गर्दा आवश्यक पर्ने कागजात तथा प्रमाणहरु :-**

१.फर्मको भएमा फर्म नवीकरण भएको हुनु पर्नेछ ।

२.कर चुक्ता भएको प्रमाण पेश गर्नु पर्नेछ ।

३.कम्पनी भएमा लेखा परीक्षण प्रतिवेदन पेश गर्नु पर्नेछ ।

४.२ बर्ष ३ महिनाको बैंक जमानत वा खाता एयरमार्क अथवा अथवा रोक्का भएको पत्र पेश गर्नु पर्नेछ ।

५.कम्पनी भएमा संचालक समितिको निर्णय पेश गर्नु पर्नेछ ।

६.आफूले धितो मूल्यांकन गरेको कार्यालयहरुको कार्य सम्बन्धी सिफारिस पत्र (बढीमा ३ वटा सम्म)

७.साख सूचना दस्तुर शुल्क

(१) कालो सूचीमा रहे/नरहेको रु २५०।

(२) कर्जा विवरण भएमा रु ५५०।

क) व्यक्तिगत सूचीकृत धितो मूल्यांकनकर्ता भएको हकमा निज व्यक्तिको मात्र साख सूचना दस्तुर लिने

ख) व्यक्तिगत फर्मको हकमा फर्म तथा व्यक्तिको साख सूचना दस्तुर लिने

ग) साझेदारी फर्मको हकमा फर्म तथा साझेदार सवैको साख सूचना दस्तुर लिने

घ) कम्पनीको हकमा कम्पनी तथा कम्पनीका संचालकहरुको साख सूचना दस्तुर लिने

(३) साख सूचना (सि.आई.) को यूजर आई.डि.भएका प्रदेश कार्यालयले स्वयं साख सूचनाको कार्य गर्ने अन्यको हकमा प्रदेश कार्यालय नजिकैको कार्यालयवाट साख सूचना लिने ।

८. नवीकरण शुल्क तिरेको रसिद/भौचर

९. नवीकरण दस्तुरको रकम दाखिला गर्न कृषि विकास बैंक लि. वित्त तथा लेखा विभाग, हि.नं.०१००२००११४५५५०२५ मा जम्मा गर्न सकिनेछ ।

एकपटक सूचीकृत भई नवीकरण गर्दा निम्नानुसार नवीकरण दस्तुर बुझाउनु पर्नेछ ।

क) मूल्यांकन गर्न पाउने सीमा दस्तुर रकम :

| | |
|---|---|
| रु ५० लाखसम्म | रु.५००।– |
| रु.५० लाखभन्दा माथि रु.१ करोडसम्म | रु.१०००।– |
| रु.१ करोडभन्दा माथि रु.२ करोडसम्म | रु.१५००।– |
| रु.२ करोडभन्दा माथि रु.५ करोडसम्म | रु.२०००।– |
| रु.५ करोडभन्दा माथि | रु.२५००।– |


**कृषि विकास बैंक लि.**
**कर्जा तथा ट्रेड फाइनान्स विभाग**
**ईमेल ठेगानाः credit.divn@adbl.gov.np**
**मुख्य कार्यालय, रामशाहपथ, काठमाण्डौ ।**